**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**

**घुमाउने ठाउँहरू**

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

**कलर भिजिटिङ कार्ड साथै**

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २७ गते आइतबार ❑ 9 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा भ्रमण वर्ष घोषणाको तयारीमा महानगर

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

देशको पर्यटकीय राजधानी पोखरामा २० लाख स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउने लक्ष्यसहित पोखरा भ्रमण वर्ष घोषणाको तयारी गरिएको छ।

पोखरा भ्रमण वर्ष २०२५ को औपचारिक घोषणा समारोह आगामी फागुन ३ गते पोखराको प्रदर्शनी केन्द्रबाट गर्ने गरी पोखरा महानगरपालिकाले तयारी गरेको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । घोषणा समारोहको तयारीका लागि नगर प्रमुख आचार्यको संयोजकत्वमा एक हजार ५० सदस्यीय मुलआयोजक समिति, प्रमुख आचार्यकै नेतृत्वमा एक निर्देशक समिति र पर्यटन क्षेत्रको प्रतिनिधित्वमा कार्यसम्पादन समितिसहित ४३ वटा उपसमिति गठन गरिएका छन् । यी समिति तथा उपसमितिमा पोखरा महानगर क्षेत्रमा क्रियाशील सरकारी र गैरसरकारी संघसंस्थाका प्रतिनिधि, चार वटै सुरक्षा निकाय, उद्योगी व्यवसायी, सूचना तथा सञ्चार क्षेत्र, राजनीतिक दलका प्रतिनिधि, स्थानीय टोल विकास संस्था, अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधि लगायतको प्रतिनिधित्व रहेको छ । "हामी भव्यरूपमा पोखरा भ्रमण वर्ष घोषणाको तयारीका लागि जुटेका छौँ । सबैसँग सल्लाह र छलफल गरिरहेका छौँ । भ्रमण वर्ष सफल बनाउनका लागि विभिन्न देशका राजदुतसमेतको सहभागिता रहने छ," आचार्यले भन्नुभयो । भ्रमण वर्षका अवसरमा विदेशमा पोखराको प्रवर्द्धन गर्ने गरी सद्भावना दूतसमेत घोषणा गर्ने तयारी गरिएको छ । वर्ष भरी पोखराको पर्यटन प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिने छन् । पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त पहलमा महानगरका ३३ वटै वडाबाट स्थानीय भेषभुषासहित वृहत झाँकी ऱ्याली निकालिने छ । पोखरा महानगर र गण्डकी प्रदेश सरकारको संयुक्त आयोजनामा उक्त कार्यक्रमको आयोजना हुने र उक्त कार्यक्रम पूर्वपोखराको ३३ वटै वडाको प्रतिनिधित्व हुने गरी झांकी तथा ऱ्यालीको आयोजना हुने प्रमुख आचार्यले बताउनुभयो । यसैगरी पर्यटनको क्षेत्रबाट एक वटा ब्यानरसहित झांकी तथा र्यालीको आयोजना गरिने छ । पोखरा पर्यटन परिषद् का अध्यक्ष तारानाथ पहारीले पोखरा भ्रमण वर्षले पर्यटनको क्षेत्रमा राम्रो हुने वताउदै त्यसलाई सफल बनाउनका लागि पर्यटन संग सम्बद्ध सङ्घ संस्थाले सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो ।




नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल शनिबार नेकपा (एकीकृत समाजवादी) को प्रथम गण्डकी प्रदेश अधिवेशनको उद्घाटन कार्यक्रममा मन्तव्य राख्नुहुँदै । तस्बिरः रासस

## 'एचपीभी' खोप ढुक्कसँग लगाउनुहोस् यसले असर गर्दैन'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

कास्कीको अन्नपूर्ण गाउँपालिका-२ स्थित माछापुच्छ्रे माविमा कक्षा ८ मा अध्ययनरत छात्रा सजिना विकलाई (पाठेघरको मुखको क्यान्सर विरुद्धको (एचपीभी खोपं) लगाउँदा कुनै समस्या हुने हो कि भन्ने डर मनभित्र थियो तर खोप लगाएपछि त्यो डरपूर्ण रूपमा हट्यो ।

छात्रा विकले अन्य साथीलाई पनि ढुक्कसँग खोप लगाउन सल्लाह दिँदै हिड्नुभयो । माछापुच्छ्रे माविमा सजिनासँगै अध्ययनरत अन्य छात्रा खोप लगाउनु अगाडि डराइरहेका थिए । त्यसो त उक्त विद्यालयका छात्रालाई खोप लगाउन खटिनुभएकी स्वास्थ्यकर्मी एक माया आचार्यले छात्रालाई सम्झाइ राख्नुभएको थियो खोप लगाउँदा कमिलाले टोके जति नै दुख्दैन, ढुक्कसँग लगाउनुहोस् यसले कुनै असर पनि गर्दैन । यो खोपले महिलामा हुने पाठेघरको मुखको क्यान्सर ९८ प्रतिशतले रोक्ने स्वास्थ्यकर्मी आचार्यले छात्रालाई भन्दै हुनुहुन्थ्यो । यो खोप १० देखि १४ वर्ष उमेर समूहका छात्रालाई देशैभरी लगाउनेकार्य भइरहेको छ । माछापुच्छ्रे माविकै कक्षा ८ मा अध्ययनरत छात्रा इन्द्रा न्यौपानेलाई पनि सजिनाजस्तै खोप लगाउनु अगाडि डर थियो तर लगाएपछि डर हट्यो, खोपको अनुगमन गर्न त्यहाँ पुग्नुभएका गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले छात्रालाई भन्दै हुनुहुन्थ्यो खोप ढुक्क भएर लगाउनु यसले कुनै असर गर्दैन, खोप गुणस्तरीय पनि छ ।

नेपालमा धेरै महिला पठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको तथ्याङ्कले देखाएको छ, विकसित राष्ट्रमा १०औँ वर्षदेखि यो खोप नियमित लगाउने गरेका छन् नेपालमा पनि यस वर्षदेखि सुरु भएको छ । पोखरा-२५ हेम्जाको धौलागिरि बोडिङ कक्षा ८ मा अध्ययनरत रोशनी क्षत्री दायाँ पाखुरामा लगाएको खोपले कुनै दुखाई नभएको बताउँदै आधा घण्टा आराम गरेपछि पुन पहिलेकै अवस्थामा फुर्तिलो बनाएको बताउनुहुन्छ । धौलागिरि वोडिङमा कक्षा ६ देखि १० कक्षासम्म अध्ययनरत एक सय ५१ जना छात्रालाई उक्त खोप लगाइएको थियो । धौलागिरि बोडिङकै कक्षा नौ मा अध्ययनरत छात्रा श्रेया विकलाई खोप लगाउने सूचना विद्यालयले अगिल्लो दिन नै दिएको थियो, विद्यालयबाट घरमा पुगरे खोप लगाउँदा के कसो हुने हो भन्ने डर भने पछिल्लो दिन खोप नलगाउँदासम्म उहाँका मनभित्र त्रास थियो, जब खोप लगाउनुभयो सबै त्रास हटेरगयो ।

कास्कीमा यही माघ २२ गतेदेखि आगामी फागुन ६ गतेसम्म देशैभरि योखोप सञ्चालनमा आइरहेको छ । खोपको अनुगमन गर्न पोखरा-३ स्थित बाल मन्दिर विद्यालय पुग्नुभएका गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री मन्त्री पाठकले विद्यालय बाहिर रहेका किशोरीलाई पनि खोपको पहुँमा ल्याउने जानकारीदिनुभयो ।

## देशको राजनीतिले असल पार्टी खोजेको छः अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, २६ माघ

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले सरकारले सुशासन र आर्थिक समृद्धिलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ ।

शनिबार यहाँ आयोजित एकीकृत समाजवादी उपत्यका प्रदेश कमिटीको अधिवेशन उद्घाटन गर्दै उहाँले महङ्गी नियन्त्रण, बेरोजगारी समस्या समाधान, भ्रष्टाचार नियन्त्रण, जनजीविका क्षेत्रमा सरकारले काम गर्नुपर्नेमा जोड दिनुभयो । अध्यक्ष नेपालले सरकारले संसद्को अधिवेशन बोलाउन ढिला गरेर अध्यादेशबाट शासन सञ्चालन गर्न खोजको भन्दै विरोध जनाउनुभयो ।

पूर्वप्रधानमन्त्री नेपालले देशको राजनीतिले असल पार्टी, दूर दृष्टिकोण भएका नेताहरूको खोजी गरेकाले असल चरित्रको विकास गर्दै पार्टी निर्माणमा लाग्न नेता तथा कार्यकर्तालाई सुझाव दिनुभयो ।

पार्टी महासचिव घनश्याम भुसालले अहिले मुलुकमा कम्युनिष्ट आन्दोलन कमजोर भएकाले राष्ट्रिय राजनीतिमा अनेक समस्या आएको धारणा राख्नुभयो । उहाँले बिग्रिएको राजनीतिक कोर्सलाई सच्च्याउन कम्युनिष्ट पार्टीका रूपान्तरण तथा पुनः गठनको खाँचो औँल्याउनुभयो ।

पार्टीका सचिव सावित्रा भुसालले सङ्गठनको सुदृढीकरण, भावी कार्यदिशासहित आर्थिक, साङ्गठनिक तथा कार्ययोजना निर्माणमा अधिवेशन केन्द्रित हुने विश्वास व्यक्त गर्नुभयो । उपत्यका प्रदेश कमिटीका सचिव विष्णु लम्सालले अधिवेशनले सङ्गठनभित्र रहेका फरक मत तथा विचारहरू, असन्तुष्टि र असहमतिलाई विश्लेषण गरी नयाँ कार्यसमिति निर्वाचित गरिने जानकारी दिनुभयो ।

## विद्यार्थी नहुने तर नेता हुने स्थिति चुनावबाट अन्त्य भयो : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २६ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अनेरास्ववियू (क्रान्तिकारी)को चुनावले विद्यार्थी नहुने तर नेता हुने स्थितिको अन्त्य गरेको बताउनुभएको छ ।

अनेरास्ववियू क्रान्तिकारीको २३औँ राष्ट्रिय सम्मेलनबाट निर्वाचित पदाधिकारी तथा सदस्यको सपथ तथा पदभार ग्रहण कार्यक्रममा उहाँले यसबाट माओवादीले नीति र नेतृत्व दुवै लोकतान्त्रिक विधिबाट टुङ्ग्यायो भन्ने शक्तिशाली सन्देश प्रवाहित भएको बताउनुभयो ।

"उमेर हद र नेतृत्व दुवैमा निर्वाचनबाट नै टुङ्गो लगाउनुपर्छ भनेर दृढतापूर्वक लागेर पार्टीले प्रत्यक्ष हस्तक्षेप नगरेर विद्यार्थीकै मतबाट टुङ्गो लगाउनु महत्वपूर्ण अभ्यास हो", अध्यक्ष दाहालले भन्नुभयो, "अहिले आएको परिणामले मिलेर अघि बढ्ने र सङ्गठनलाई एकताबद्ध बनाउने वातावरण बनेको छ।" आगामी स्ववियु निर्वाचनमा श्रेष्ठता हासिल गर्न आग्रह गर्दै उहाँले स्ववियु निर्वाचनमा अर्जुनदृष्टि बनाउन र एकताबद्ध भएर सम्पूर्ण तयारीमा लाग्न आग्रह गर्नुभयो । अध्यक्ष दाहालले अखिल क्रान्तिकारीको नयाँ केन्द्रीय समितिका अगाडि स्ववियू निर्वाचन महत्वपूर्ण चुनौतीको रूपमा आएकोसमेत बताउनुभयो । त्यस अवसरमा निवर्तमान अध्यक्ष पञ्चा सिंहले नवनिर्वाचित अध्यक्ष विजयप्रकाश शर्मा सापकोटालाई कार्यभार हस्तान्तरण गर्नुभयो । यही माघ १२ गते सम्पन्न निर्वाचनबाट केन्द्रीय पदाधिकारी, केन्द्रीय सचिवालय, केन्द्रीय सदस्य एवं केन्द्रीय आयोगका पदाधिकारी तथा सदस्य निर्वाचित भएका थिए ।

## जरोटुप्पो संरक्षण साहित्य समाजद्वारा सम जयन्ती मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालले नाट्यसम्राट बालकृष्ण सम जयन्ती विविध कार्यक्रमका साथ मनाएको छ । जयन्तीका अवसरमा समाजले गीतकार हरिहर खनियालाई इन्द्र-हुमा वाङ्मय सम्मान अर्पण गरेको छ ।

वरिष्ठ साहित्यकार चन्द्रप्रकाश बानिया, डा नारायणप्रसाद अधिकारी, कोष संस्थापक सीता जिसी र पूर्वसम्मानित प्रतिभा डा पुष्पा केसी भण्डारीले उक्त सम्मान अर्पण गर्नुभएको हो ।

कार्यक्रममा वरिष्ठ साहित्यकार बानियाले पूर्वीय र पाश्चात्य साहित्यको महत्वपूर्ण सम्पत्तिका रूपमा नाट्यसम्राट समका सिर्जना रहेका बताउनुभयो ।



गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले सबै स्रष्टालाई माया गर्ने समाजसेवी व्यक्तित्वका रूपमा रहनुभएका खनियालाई संस्थाले सम्मान गरेर संस्था आफैँ सम्मानित भएको बताउनुभयो । प्रा डा यमबहादुर पौडेल क्षत्रीले समका हरेक सिर्जनामाथि विमर्श आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले सम बहुआयामिक र कालजयी प्रतिभाका रूपमा रहनुभएकाले उहाँको योगदानको चर्चा जति हुनुपर्ने त्यति हुन नसकेकामा चिन्ता व्यक्त गर्नुभयो ।

डा नारायणप्रसाद अधिकारीले साहित्य सिर्जनाको भाषा र सङ्गीत विश्वले बुझ्ने भाषा भएकाले साहित्य र सङ्गीतले युगको प्रतिनिधित्व गर्ने बताउनुभयो । सिर्जनाबाटै जीवनदर्शन अनुभूत गर्न सकिने बहुमुखी प्रतिभाका धनी नेपालका अविस्मरणीय महान् स्रष्टा सम रहनुभएको उहाँको भनाइ छ। कार्यक्रममा पूर्वसम्मानित प्रतिभा डा भण्डारी, गण्डकी प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेल, सम्मानित प्रतिभा गीतकार खनिया, इन्द्र-हुमा वाङ्मय कोषका संस्थापक सविन जिसी, अन्तरराष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका अध्यक्ष देवेन्द्र केसी, पुतलीबजार प्रज्ञा-प्रतिष्ठानका उपकुलपति दुर्गाबहादुर शाह बाबा, साहित्यकार असफल गौतमलगायत वक्ताले आ-आफ्नो धारणा राख्नुभएको थियो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हिमालयन वोर्डिङ स्कुललाई वडा अध्यक्ष कप फुटवलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पोखराको हिमालयन बोर्डिङ स्कुलले शनिबार पोखरामा सम्पन्न भएको चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ को उपाधि जितेको छ।

पोखराको ड्याम साइड क्लवको आयोजनामा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा आज (शनिबार) भएको फाइनल खेलमा हिमालयनले एल.पी. देवकोटा मेमोरियल स्कुललाई २–० को गोल अन्तरले पराजित गर्दै उपाधि हात पार्न सफल भएको हो। हिमालयनको जितमा रितेस आले र म्यान अफ दी म्याच घोषित संगम गुरुङले एक/एक गोलको योगदान दिनुभयो। तेश्रो स्थानको लागि शनिबार भएको खेलमा ढुंगेसाँघु बोर्डिङ स्कुलले जानकी माविलाई ३–० को गोल अन्तरले पराजित गर्दै तेश्रो भएको छ। ढुंगेसाँघुको जितमा सुजन शिखाकार, म्यान अफ दी म्याच घोषित विकल मगर र सुवास बि.के.ले एक/एक गोलको योगदान दिनुभयो।



त्यसै गरी शनिबार पोखरा १७ का जनप्रतिनिधिहरु सहितको टोली र क्लवका सदस्यहरु बिच भएको मैत्रिपूर्ण फुटवल खेलमा जनप्रतिनिधिहरुको टोलीले ३–० ले जित हासिल गरेको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो।

प्रतियोगितामा हिमालयन बोर्डिङ स्कुलका संगम गुरुङ उत्कृष्ट खेलाडी घोषित हुनु भयो। त्यसै गरी प्रतियोगितामा उत्कृष्ट डिफेण्डरमा एल.पी. देवकोटाका सौरभ मगर, उदीयमान खेलाडीमा एल.पी.कै आर्दश थापा, उत्कृष्ट मिडफिल्डरमा हिमालयनका बादल राना, उत्कृष्ट स्टाइकरमा हिमालयनका रितेस राना, सर्वाधिक गोलकर्ताको उपाधि (८ गोल गर्नु भएको) हिमालयनका संगम गुरुङ, उत्कृष्ट गोलरक्षकमा हिमालयनकै रोहन गुरुङ, उत्कृष्ट प्रशिक्षकमा हिमालयनका रामबहादुर क्षेत्री घोषित हुनु भयो। प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्नु भएको महासचिव राकेश श्रेष्ठले बताउनु भयो।

१९ टिम सहभागि भएको प्रतियोगितामा पार्दी मा.वि. अनुशासीत टीम घोषित भएको छ। क्लवका अध्यक्ष रमेश प्रसाद बरालले धन्यवाद ज्ञापन सहित प्रतियोगिता सफल पार्न सहयोग गर्नेलाई धन्यवाद सहित आभार व्यक्त गर्नु भएको छ।

विजयी खेलाडीहरुलाई कार्यक्रमका प्रमुख अतिथी पोखरा महानगरपालिकाका उप–मेयर मन्जुदेवि गुरुङ, पोखरा १७ का वडा अध्यक्ष राधिका कुमारी शाही, पोखरा ७ का वडा अध्यक्ष राममोहन आचार्य, पोखरा १७ का पूर्व अध्यक्ष तिर्थराज अधिकारी, सहारा क्लवका अध्यक्ष केशवराज बराल, ड्याम साइड क्लवका उपाध्यक्ष प्रविन थापा, पोखरा १७ का वडा सदस्य एवं खेल संयोजक बिक्रम गुरुङ, अन्य सदस्य लगायतले पुरस्कार वितरण गर्नु भएको थियो। पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा संचालन भएको प्रतियोगिताले फुटवल खेलको तल्लो स्तरबाट विकास गर्न मद्धत पुगेको पूर्व अध्यक्ष पदम ढकालले जनाउनु भयो। प्रतियोगिता समापनको अवसरमा पार्दी माविका बिद्यार्थीहरुले नृत्य प्रस्तुतः गर्नु भएको क्लवका सदस्य सन्ध्या श्रेष्ठले बताउनु भयो।

# नेपाल पुलिस क्लव आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पाहुना टोली वेलायतको ब्रिगेड ब्वाइज क्लवलाई पराजित गर्दै नेपालको विभागिय टोली नेपाल पुलिस क्लव पोखरामा जारी २४ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को सेमिफाइनलमा प्रवेश गरेको छ।

पोखरा रंगशालाको फुटवल मैदानमा शनिबार भएको पहिलो क्वाटरफाइनल खेलमा पुलिसले पाहुना टोली वेलायतको ब्रिगेड ब्वाइज क्लवलाई २–० ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो। पुलिसको जितमा विवेक पाण्डे र राम वाजीले एक/एक गोलको योगदान दिनुभयो। खेलको २८ औं मिनेटमा पाण्डेले पुलिसलाई एक गोलले अग्रता दिलाउनु भयो भने खेलको ४० औं मिनेटमा वाजीले एक गोल थप्दै जित सुनिश्चित पार्नु भयो। पाहुना टोली ब्रिगेड ब्वाइज क्लवले पाएका केही अवसर सदुपयोग गर्न नसक्दा



पहिलो खेलबाटै यात्रा छुट्याउनु पर्यो। आजको खेलमा पुलिसका राम वाजी म्यान अफ दी म्याच घोषित हुनु भयो। अन्य दिनको तुलनामा शनिबार दर्शकको सङख्या भने केही बृद्धि भएको थियो। नेपाल पुलिसले आयोजक सहारा क्लवलाई उद्घाटन खेलमा पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको थियो भने ब्रिगेड वाइजले सिधै वाई पायर क्वाटरफाइनलको यात्रा पाएको थियो। यसैबिच, आइतबार दोश्रो क्वाटरफाइनल खेलमा थ्रि स्टार क्लव बिरुद्ध मच्छिन्द्र क्लव बिच खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो। समुह बी मा रहेको मच्छिन्द्र क्लवले विभागित टोली सशस्त्र प्रहरी वलको एपिएफलाई पराजित गरी क्वाटरफाइनलमा यात्रा बनाउदा थ्रि स्टारले भने सिधै वाई पायर क्वाटरफाइनलको यात्रा तय गरेको हो। प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# खनालको 'अनन्त यात्रा' कविता संग्रह लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

कवि प्रदीप खनालको 'अनन्त यात्रा' कविता संग्रह लोकार्पण गरिएको छ।

पोखरेली युवा सांस्कृतिक परिवार (पोयुसाँप)द्वारा शनिबार प्रतिभा माविको सभाहलमा आयोजित कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपती एवम् बरिष्ठ साहित्यकार सरुभक्त, पोयुसाँप अध्यक्ष रिता अधिकारी (ऋतु), श्रष्टा तथा कवि प्रदीप खनाल, प्रतिभा माविका प्राचार्य किरण सापकोटा, प्रतिभा मावि ब्यबस्थापन समितिका अध्यक्ष नारायणप्रसाद पौडेल र श्रष्टा प्रदीप खनालका पीता लोकनाथ खनालले एकसाथ कविता संग्रहको लोकार्पण गरेका हुन्। कविता संग्रहमा कुल ४१ वटा कविताहरु संगहित रहेको श्रष्टा एवम् कवि प्रदीप खनालले जानकारी दिए। लोकार्पण कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य



प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपती सरुभक्तले कवि खनालको 'अनन्त यात्रा' कविताले समाज बोलेको बताए। राजनीतिको झोले बनिरहेको समाजमा कवि खनालले सचेततापूर्वक विद्रोह गरेको भन्दै उनले भने, 'उनको कवितामा बैचारिक कायाकल्प छ।' कविता संग्रह 'अनन्त यात्रा'को समीक्षक प्रमिला आचार्य शर्माले कवि खनालको कविता अन्तरमनमा स्पर्श गर्ने खालको भएको बताईन्। प्रतिभा मावि व्यवस्थापन समिति अध्यक्ष नारायणप्रसाद पौडेलले कवि खनालको कविताले समाज सुधारको आह्वान गरेको बताए।

प्रतिभा माविका प्राचार्य किरण सापकोटाले कवि खनालको कविताले ह्रदय छुने बताए। पोयुसाँपका पूर्व अध्यक्ष जीवनसागर भण्डारीले श्रष्टा परिचय गराएको कार्यक्रममा कविहरु मणीप्रसाद डुम्रे, विपी लम्साल, केशु शर्मा र श्रष्टा एवम् कवि प्रदीप खनालले 'अनन्त यात्रा' कविता संग्रह भित्रका कविताहरु वाचन गरेका थिए। पोयुसाँपका अध्यक्ष रिता अधिकारी (ऋतु)को अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष लक्ष्मण थापाले स्वागत गरेका थिए।

# र्‍यान्डम रिडर्ससमा वैदेशिक रोजगारीको प्रभावबारे बहस

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

र्‍यान्डम रिडर्स सोसाइटीले शनिवार पोखरामा वैदेशिक रोजगारीले नेपाली समाजमा पारेका प्रभावका बारेमा बहस गरेको छ। सोसाइटीले नेपाल प्रज्ञा-प्रतिष्ठानको सामाजिक शास्त्र विभागसँग सहकार्य गरी सो कार्यक्रम सम्पन्न गरेको हो।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा सोसाइटीकै कोषाध्यक्ष ध्रुव केसीले 'वैदेशिक रोजगारी आर्थिक समृद्धि र सामाजिक सङ्कटका अन्तर्कथा' शीर्षकमा अवधारणापत्र प्रस्तुत गरेका थिए। वैदेशिक रोजगारीको क्षणिक प्रलोभनका कारण नेपालका गाउँ मात्र होइन सहरसमेत रित्तिँदै गएको बताउँदै केसीले यसतर्फ राज्यले बेलैमा ध्यान दिनुपर्नेमा जोड दिए। 'बाध्यतामा विदेश जानेको कथा बेग्लै होला' केसीले भने, 'यहाँ त अधिकांश धनाढ्यका



सन्तान विदेशमा छन्।' उनले रेमिट्यान्समा रमाउने राज्यसत्ता रहेसम्म आर्थिक समृद्धि सम्भव नहुने धारणा राखे। वैदेशिक रोजगारीका कारण आर्थिक रूपमा केही आर्जन भएको देखिए पनि सामाजिक विखण्डनको डरलाग्दो तथ्याङ्क रहेको जनाउँदै उनले यसतर्फ सबै सचेत हुनुपर्नेतर्फ ध्यानाकर्षण गराए।

कार्यक्रमकी प्रमुख अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठान, सामाजिक शास्त्र विभागकी प्रमुख डा. कौशिला रिसालले प्रज्ञा-प्रतिष्ठान वा र्‍यान्डम रिडर्स सोसाइटी जस्ता संस्थाले यस्ता विषयमा बौद्धिक बहस गर्दै जाँदा नीतिगत तहमा कुरा पुग्ने बताइन्। उनले समाजलाई अग्रगति दिनका लागि सामाजिक विषयमा स्वस्थ बहस गर्नुपर्ने धारणा राखिन्। वैदेशिक रोजगारीतर्फ नभई नेपालमै भएका सम्भावनातर्फ युवाहरूलाई आकर्षण गर्नुपर्ने बताउँदै उनले काम सानो ठुलो नहुने भएकाले सबै कामलाई सम्मान गर्ने वातावरण तयार भएमा विदेश लखेटिने वातावरण ह्रास आउने बताइन्। कार्यक्रममा दीपक अधिकारी, प्रकाश रिजाल, धर्मेश जयसवाल, सुदिप घिमिरे, राजेन्द्र पौडेल, दुर्गाबहादुर शाह 'बाबा', अनुराग अधिकारी, भरतमणि भट्टराई, नवराज आचार्यलगायतले वैदेशिक रोजगारीका अनुभव र सोसम्बन्धी धारणा राखेका थिए। सचिव नेपालप्रकाश अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा उपाध्यक्ष गौरी तमूले स्वागत गरेकी थिइन्। सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमा परिचर्चा गर्दै आएको छ।

# राज्यले खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छः सांसद भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

प्रतिनिधिसभाका सांसद शङ्कर भण्डारीले अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न राज्यले खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभएको छ। नेपाल सितोरियो कराते सङ्घ तनहुँद्वारा आज व्यास-३ देउराली नगरमा आयोजित ११औँ जिल्लास्तरीय कराते प्रतियोगिताको उद्धाटन गर्दै उहाँले खेलकुद क्षेत्रलाई प्रोत्साहन गरी लगानी बढाएमा अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने दक्ष खेलाडी उत्पादन गर्न सकिने धारणा राख्नुभयो।

पूर्वमन्त्रीसमेत रहनुभएका सांसद भण्डारीले खेल र खेलाडी राष्ट्रको सम्पत्ति भएकाले यसको संरक्षणमा राज्यले तदारुकता देखाउँदै प्राथमिकतामा राखेर प्रोत्साहन गर्नुपर्ने बताउनुभयो। "खेल क्षेत्रलाई राज्यले प्राथमिकतामा राखेर खेलाडीलाई हौसला प्रदान गर्नुपर्छ", उहाँले भन्नुभयो, "यहाँ राष्ट्रिय तथा अन्रराष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने प्रचुर सम्भावना छ, यसलाई संरक्षण गर्न आवश्यक छ।" खेल क्षेत्रको विकासका लागि जिल्लामा आवश्यक पर्ने पूर्वाधार निर्माण गर्नुपर्ने भएमा आफ्नो तर्फबाट पहलकदमी रहिरहने उहाँले आश्वासन दिनुभयो। "खेलका कारणले ख्यातिप्राप्त मुलुक धेरै छन्। दक्ष खेलाडीहरू देशमा जीविकोपार्जन नभएर विदेशिनुपर्ने अवस्था छ, यसलाई रोक्ने वातावरण सिर्जना गर्नुपर्छ", सांसद भण्डारीले भन्नुभयो। स्वास्थ्य, राष्ट्र र आत्मारक्षा, अनुशासन, शान्ति तथा सामाजिक अभियानका लागि खेलको महत्वपूर्ण भूमिका रहेकाले संरक्षण र संवर्द्धनमा सबैले समन्वय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# हेमजा उधोग ब्यवसाय समितिको दोस्रो साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

हेमजा उद्योग ब्यबसाय समिति पोखरा २५ हेमजाको दोस्रो साधारणसभा शनिबार हेमजामा सम्पन्न भएको छ।

कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष बलराम आचार्यले कार्यक्रम सफलताको शुभकामना दिदै एकद्वार कर हुनुपर्ने उल्लेख गर्नुभयो। उहाँले एउटा ब्यक्ति भन्दा संस्था बोल्दा प्रभावकारी हुने बताउदै महिनामा एक दिन भए पनि ब्यबसाय बन्द गरि परिवारलाई समय दिन आग्रह गर्नुभयो। कार्यक्रममा वडा सदस्य कृष्णबहादुर कुँवर, कपडा ब्यबसायी संघ पोखरा कास्कीका अध्यक्ष लेखनाथ पौडेल र सदस्य धुर्वबहादुर परियार लगाएतले बोल्नु भएको थियो। कार्यक्रममा महासचिव राजेन्द्र बाँस्तोलाले वार्षिक प्रगति प्रतिबेदन र कोषाध्यक्ष सुशीला बाँस्तोलाले आर्थिक प्रतिबेदन प्रस्तुत गरेकोमा सभाले पारित गर्‍यो। अध्यक्ष मिनराज तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कोषाध्यक्ष सुशीला बाँस्तोलाले र सञ्चालन महासचिव राजेन्द्र बाँस्तोलाले गर्नुभएको थियो।


## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं,
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर व्युरोमा उजुरी वा जानकारी गराऔं
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कुमारी सहकारी हिनामिना प्रकरणः प्रहरीद्वारा अनुसन्धान सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ माघ

म्याग्दीको बेनी नगरपालिका-८ मा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्थामा भएको बचत अपचलनसम्बन्धी मुद्दामा प्रहरीले अनुसन्धान थालेको छ।

शेयर सदस्य तथा बचतकर्ताको शेयर, बचत तथा संस्थाका कोषहरू हिनामिना गरेको सहकारी रजिष्ट्रार कार्यालय पोखराको सिफारिसका आधारमा पाँच जना सञ्चालक, व्यवस्थापक र कागजातहरू नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले थप प्रमाण जुटाउन थालेको छ । सहकारी रजिष्ट्रारको कार्यालय पोखराले गरेको छानबिन प्रतिवेदनमा छ हजार बचतकर्ता रहेको विसं २०६५ मा खुलेको कुमारी सहकारीको रु एक अर्ब ४९ करोड अपचलन भएको उल्लेख छ। सहकारीको पैसाबाट ढुकुटी खेलाउने, बोर्डिङ स्कुल, घरजग्गामा लगाउनेजस्ता व्यक्तिगत स्वार्थमा प्रयोग भएको सहकारी रजिष्ट्रारको कार्यालयले जनाएको छ । अनुसन्धानका लागि प्रहरीले कुमारी सहकारीका पाँच जना सञ्चालक र व्यवस्थापकलाई माघ २०



गते पक्राउ गरेको थियो । प्रहरी निरीक्षक सागर पौडेलले कुमारी सहकारीको विषयमा अनुसन्धानका लागि प्रमाण जुटाउन बचतकर्ताबाट उजुरी लिने काम भइरहेको बताउनुभयो। माघ २१ गते प्रहरीले सार्वजनिक सूचना जारी गरेर पासबुक, भौचर, स्टेटमेन्ट, मुद्दति प्रमाणपत्रलगायत प्रमाणको सक्कल साथमा लिई सम्पर्कमा आउनका लागि अनुरोध गरेको थियो। सहकारीका पूर्वसञ्चालक समितिका उपाध्यक्ष रहेका जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापा, तत्कालीन व्यवस्थापक रुद्र गुरुङ, सञ्चालक समितिका पूर्वअध्यक्ष मनप्रसाद थजाली, थमबहादुर गर्बुजा र सञ्चालक देवीकुमारी थापा प्रहरीको हिरासतमा छन्।

बेनी नगरपालिका-१ का ३६ वर्षीया थापा गत स्थानीय तह निर्वाचनमा नेकपा (एमाले) बाट जिसस प्रमुखमा निर्वाचित हुनुभएको थियो । अदालतले अनुसन्धानका लागि उनीहरूलाई दोस्रो पटक माघ २८ गतेसम्म हिरासतमा राख्न अनुमति दिएको छ । उनीहरूमाथि बचतकर्ताको बचत रकम हिनामिना भएको सहकारी ऐन-२०७४ अन्तर्गत परिभाषित कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैगरी अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका ५० वर्षीय डिलबहादुर गर्बुजाले बेनीको कुमारी बहुउद्देश्यीय सहकारी संस्थामा १२ वर्षअघि मुद्दती खाता खोलेर राखेको रु ४३ लाख बचत फिर्ताका लागि धाउन थालेको दुई वर्ष पूरा भयो । "बाह्र वर्ष कतारमा श्रम र पसिना बगाएर कमाएको सबै पैसा राम्रो ब्याजको प्रलोभनमा परेर सहकारीमा राखेको थिए", गर्बुजाले भन्नुभयो, "सहकारीले बचत फिर्ता नगरेपछि हामीहरू विचल्लीमा परेका छौँ।"

रु १० लाख १४ हजार बचत गरेकी घराम्दीकी ५० वर्षीया डिलशोभा गर्बुजाले सहकारीमा रकम डुबेपछि घरब्यवहार चलाउन, छोराछोरी पढाउन समस्या भएको गुनासो गर्नुभयो । "श्रीमान्ले विदेशमा दुःख गरेर कमाएको र मैले कुखुरा चल्ला बेचेर जुटाएको पैसा राखेको वर्षौंसम्म पनि सहकारीले फिर्ता दिएको छैन", उहाँले भन्नुभयो, "आफ्नै पैसाका कारण आफैँले दुःख पाउने अवस्था आयो ।" डिलबहादुर, डिलसोभा, छबहादुर पाइजालगायत १३ जनाले पीडित शुक्रबार सहकारीमा फसेको रकम उठ्ने आशामा दुई वटा जिप रिजर्भ गरेर प्रहरीमा उजुरीका लागि बेनी आउनुभएको थियो। उहाँहरूको रु एक करोडभन्दा बढी रकम उक्त सहकारीमा फसेको छ।

बेनी नगरपालिका-८ मा रहेको उक्त सहकारीबाट पीडित हुने बचतकर्ता घराम्दीका मात्र छैनन् । जिल्ला प्रहरी कार्यालय म्याग्दीमा पछिल्लो पाँच दिनयता उक्त सहकारीमा डुबेको बचत रकम फिर्ता दिलाइदिन आग्रह गर्दै उजुरी गर्न आउनेको भीड लागेको छ।



म्याग्दीको सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कको सुन्तला बजार पठाउने तयारी गरिँदै । देशका अन्य ठाउँको बगैचाको सुन्तला निख्रिएपछि बाँसखर्कको सुन्तला बजार पठाउन थालिएको छ । बासँखर्कका दुई सय घरपरिवार किसानले यसवर्ष रु १८ करोड ४४ लाख बराबरको सुन्तला उत्पादन गरेका छन् । तस्बिरः सन्तोष गौतम/रासस

# कृषि बालीमा धेरै विषादी प्रयोग नगर्न कृषिमन्त्रीको आग्रह

**रासस**
नवलपरासी, २६ माघ

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि बालीमा धेरै विषादी प्रयोग नगर्न कृषकलाई आग्रह गर्नुभएको छ।

शनिबार बिहान नवलपरासी (बर्दघाट सुस्तापूर्व) को कावासोती नगरपालिका-१५ गोडारमा कृषकले गरेको सामूहिक प्याजखेतीको अवलोकन गर्ने क्रममा मन्त्री अधिकारीले सो आग्रह गर्नुभएको हो । "कृषि बालीमा धेरै विषादी प्रयोग नगरौं, धेरै विषादी प्रयोग गर्दा आफू पनि रोगी भइन्छ", उहाँले भन्नुभयो, "आफैँले प्रयोग गरेको विषादीले आफैँलाई रोग पनि लाग्छ, आफू पनि निरोगी बन्नुपर्‍यो ।" केही कृषकहरूमा धेरै आम्दानी होस्, एकै पटक आम्दानी होस् र यही वर्ष आम्दानी होस् भन्ने आसमा आवश्यकताभन्दा धेरै विषादी प्रयोग गर्दा धेरै समस्या सृजना हुने गरेको मन्त्री अधिकारीले बताउनुभयो । विषादी नियन्त्रणका लागि कृषि मन्त्रालयले अभियान नै सञ्चालन गर्ने मनस्थितिमा रहेको मन्त्री अधिकारीले जानकारी दिनुभयो। "हामीले सम्पूर्ण कृषकलाई आग्रह गरिरहेका छौँ, यही काम गरेर पुष्ट हुनका लागि त निरोगी पनि हुन पर्‍यो, धेरै विषादी प्रयोग गर्दा काम गर्ने कृषक र उपभोक्ता दुवैलाई असर गर्ने हुँदा अब यसलाई रोकौँ", उहाँले भन्नुभयो। कृषकले गरेको कामको व्यवस्थापनका लागि मन्त्रालयबाट गर्न सकिने सहयोगका लागि आफू तयार रहेको मन्त्री अधिकारीले बताउनुभयो। कृषकले केही आम्दानी हुने आसमा गरेको खेतीबाट नाफा नै हुन्छ भन्ने नरहेकाले घाटामा जाँदा सरकारले हेर्छ है भन्ने विश्वास दिलाउन लागिपरेको उहाँको दाबी छ। "अहिले धेरै कृषकहरू सन्तुष्ट हुनुहुन्छ तर कतिपय ठाउँमा रोगका कारणले, रासायनिक मल नपाएका कारणले असन्तुष्ट हुनुहुन्छ", उहाँले भन्नुभयो, "हामी त्यसको सुधार गर्न लागि परेका छौँ ।" प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ नवलपुरले व्यावसायिक प्याजखेतीका लागि कार्यक्रम सञ्चालन गरेपछि यस वर्ष नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा २५ वटा समूह व्यावसायिक प्याजखेतीमा जुटेका छन्। परियोजना कार्यान्वयन एकाइ नवलपुरका प्रमुख सुनिलकुमार सिंहका अनुसार जिल्लामा २० बिघा जमिनमा प्याजखेती गरिएको छ।

# पाण्डेद्वारा दक्षिण अमेरिकी महादेशको उच्च शिखरको सफल आरोहण

**रासस**
काठमाडौं, २६ माघ

विश्वका सातवटै महादेशका सात अग्ला हिमाल आरोहण गर्ने अभियान थाल्नुभएका नेपाली पर्वतारोही प्रकाशराज पाण्डेले दक्षिण अमेरिकी महादेशको उच्च शिखरको सफल आरोहण गर्नुभएको छ।

अर्जेन्टिनास्थित माउन्ट अकोन्कागुआको बिहीबार (यही फेब्रुअरी ६ तारिख) सफलतापूर्वक आरोहण गरेको पाण्डेले आज राससलाई जानकारी दिनुभयो । आरोहणपछि त्यहाँबाट उहाँले आरोहण गरेको प्रमाणपत्रसमेत प्राप्त गरिसक्नुभएको छ।

आरोहीपाण्डेलेअकोन्कागुआको शिखरमा स्थानीय समयअनुसार बिहीबार बिहान ७:५० बजे चन्द्रसूर्य अङ्कित नेपाली राष्ट्रिय झन्डा फहराउनुभएको थियो । उक्त चुचुरो छ हजार नौ सउ ६१ मिटर अग्लो छ । उहाँले आगामी बुधबारसम्ममा नेपाल आइपुग्ने भिडियो कुराकानीमार्फत जानकारी दिनुभयो।

सातै महादेशका उच्च शिखरहरूको आरोहण गर्ने अभियानअन्तर्गत पाण्डे प्रधानमन्त्री केपी शर्मा ओलीबाट राष्ट्रिय झन्डा लिई जनवरी २१ मा अर्जेन्टिनाको ब्युनस आयर्सतर्फ प्रस्थान गर्नुभएको थियो। पर्वतारोहणको क्षेत्रमा विशेष मानिने सेभन समिट अभियानमा उहाँको यो चौथो हिमाल आरोहण हो भने समग्रमा उहाँको यो ११औँ आरोहण भएको पनि पाण्डेले जानकारी दिनुभयो । उहाँ सन् २०२२ देखि यस अभियानमा हुनुहुन्छ । यस अभियानमा उहाँसँग कीर्तिमानी पर्वतारोही चतुर तामाङ पनि हुनुहुन्छ।

आरोही पाण्डेले यसअघि आरोही तामाङसँगै रुसमा रहेको सर्वोच्च युरोपेली हिमाल माउन्ट एलब्रुस चढ्नुभएको थियो । पाण्डेले तान्जानियामा रहेको अफ्रिकी महादेशको उच्च हिमशिखर किलिमन्जरोको पनि सफल आरोहण गरिसक्नुभएको छ । उहाँले स्वदेशमा रहेको किलर माउन्टेन भनिने मनास्लु हिमाल र टेक्निकल मानिएको आमादब्लम हिमालको पनि सफल आरोहण गरिसक्नुभएको छ। उचाइ धेरै नभए पनि यो आरोहण निकै चुनौतीपूर्ण रहेको बताउँदै आरोपी पाण्डेले उक्त क्षेत्रमा छिटोछिटो परिवर्तन भइरहनेमौसमकाकारणआरोहण सगरमाथा चढे जतिकै कठिन महसुस गरिएको भिडियो कुराकानीमार्फत जानकारी दिनुभयो । नेपाली झन्डासँगै नेपाल स्काउट र रोटरी इन्टर नेसनल समेतका सामाजिक संस्थाहरूको झन्डा पनि ती संस्थाहरूको प्रतिनिधित्व गर्दै आफूले फहराउन पाउँदा खुसी लागेको उहाँले बताउनुभयो।

हिमाल आरोहण अभियानकै क्रममा जलवायु परिवर्तनको मुद्दा पनि उठाउने बताउँदै आरोपी पाण्डेले स्थानीय सरोकारवालाहरूसँग अन्तरक्रिया पनि गरेको जानकारी दिनुभयो । जलवायु परिवर्तनका कारणले नेपालसहित जैविक विविधिता युक्त तथा विशिष्ट भौगोलिक अवस्थिति भएका मुलुकले अनपेक्षित क्षति र समस्याहरू व्यहोर्नु परिरहेको उहाँले उल्लेख गर्नुभयो । आफ्नो आरोहण भ्रमणले नेपाल र अर्जेन्टिनाबीच दौत्य सम्बन्धमा टेवा पुग्ने र साहसिक पर्यटनको क्षेत्रमा नेपाललाई दक्षिण अमेरिकी महादेशमा थप परिचित गराउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

सेभेन समिट अभियानमा अब उत्तर अमेरिकी महादेशको हिमाल आरोहण गर्ने लक्ष्य रहेको बताउँदै पाण्डेले भन्नुभयो, "संयुक्त राज्य अमेरिकामा रहेको डेनाली हिमालको आरोहण मेरो लक्ष्य हो ।" सन् २०१८ मा पहिलोपटक सगरमाथा चढ्नुभएका पाण्डेले क्रमशः अन्य महादेश तथा क्षेत्रका हिमालहरू आरोहण गर्दै नेपालमा आएर सगरमाथामा सेभेन समिट अभियानको समापन गर्ने योजना रहेको पनि जानकारी दिनुभयो।

# आठ करोडको लगानीमा च्याउ उद्योग सञ्चालनमा

**रासस**
नवलपरासी, २६ माघ

पश्चिम नवलपरासीको परासीमा संयुक्त लगानीमा च्याउ उद्योग सञ्चालनमा आएको छ।

कूल रु आठ करोडको लगानीमा स्थापना गरिएको सो उद्योगले मासिक २० टन डल्ले च्याउ उत्पादन गर्ने जनाइएको छ । रामग्राम नगरपालिका-६ पोखरापालीमा स्थापित सो उद्योगलाई युवा व्यवसायी कमल कसौधन, लवकुश वर्मा र सुनिल बर्माको टिमले उद्योग सञ्चालनमा ल्याएका हुन्। रामग्राम नगरपालिका-६ जौरहीमाई पार्कको उत्तर पट्टि करिव १६ कठ्ठा क्षेत्रफलमा उद्योग सञ्चालन गरिएको सञ्चालक कसौधनले बताउनुभयो। बाह्रै महिना नै उत्पादन गर्न सकिने कुल २० टनसम्म मासिक उत्पादन हुने डल्ले च्याउको स्वदेश र विदेशसमेतमा उच्च माग रहेको सञ्चालकले बताएका छन् । पछिल्लो समय परासी आसपासको क्षेत्र औद्योगिक करिडोर पनि बन्दै हो । नवलपरासीको सदरमुकाम परासीमा साना, मझौला र ठूला उद्योग खुल्ने क्रम जारी रहेका छन्।

# बुढासुब्बा गोल्डकप : उपाधिमा एनआरटीलाई

**रासस**
काठमाडौं, २६ माघ

२५औं अन्तरराष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि एनआरटी फुटबल क्लब काठ्माडौंले जितेको छ।

शनिबार धरान रङ्गशालामा भएको फाइनल खेलमा चर्च ब्वाइज युनाइटेड क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै एनआरटीले उपाधिमा जितेको हो।

खेलको २४औं मिनेटमा चर्च ब्वाइजका कप्तान अनन्त तामाङले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । खेलको २७औं मिनेटमा एनआरटी क्लबका हेनरी पोकुले गोल गर्न सफल भएपछि पहिलो हाफ १-१ गोलको बराबरीमा सकिएको थियो । दोस्रो हाफको ५८औं मिनेटमा एनआरटीका हेनरी पोकुले एक गोल गर्दै २-१ को अग्रता दिलाएका थिए भने यही गोल निर्णायक बन्यो।

उपाधिसँगै एनआरटी क्लबले नगद रु १० लाख र उपविजेता चर्च ब्वाइजले नगद रु पाँच लाख प्राप्त गरेको छ। आजको खेलको 'म्यान अफ द म्याच' एनआरटीका हेनरी पोको घोषित भए।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथरा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, लेखनाथ, कास्की**

**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/१०/२७

रुपाकोट गाउँपालिका वडा नं ५ निवासी वम बहादुर क्षेत्रीको द.नं. ४९३७ मिति २०८१/१०/७ को छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग अनुसार कास्की जिल्ला साविक मर्ज्याङकोट मौजेका १ नं का जि.मु अग्नीधर बसौला जैसीको पुष्पराज जिम्मा मोठ नं ९२ द.नं ५५ का बल बहादुर खत्रीका नाममा लाकुरी वोटमा भनि लगत कायम रहेको नापी समयमा देउराली ९ कि.नं. ७६ क्षे.फ ४-७-२-१ विरहमा खर किसिम चाहार जनिएको नर बहादुर क्षेत्री (प. देउराली बडा नं. ९ बाबु बल बहादुर बाजे झकने) का नाममा फिल्ड बुक भएको, नर बहादुर क्षेत्रीबाट तिरो तिरी भोग चलन गर्दै आएको जग्गा नरबहादुरका छोरा बम बहादुर क्षेत्रीका नाममा छुट जग्गा दर्ता पाउँ भनि निवेदन प्राप्त भएकाले उक्त जग्गा सम्बन्धमा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भएमा वा नरबहादुर क्षेत्रीको मृत्युदर्ता र नाता प्रमाणितमा उल्लेख बल बहादुर क्षेत्री र लगतको बल बहादुर खत्री फरक फरक व्यक्ति भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

ईति संवत २०८१ साल माघ २७ गते रोज १ शुभम्।



**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक स्वास्थ्य निर्देशनालय**
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**कास्की, पोखरा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सुचना प्रकासन मिति २०८१/१०/२७ गते)

प्रस्तुत विषयमा यस अस्पतालबाट मिति २०८१/०९/०७ गते प्रकाशित सूचना अनुसार अस्पताललाई आवश्यक रसायन/रियजेन्ट खरिदको लागि भएको बोलपत्र आवहानको सूचना मिति २०८१/१०/०८ गते खोलि मुल्याङ्कन गर्दा न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ को प्रयोजनार्थ सवै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं | बोलपत्र नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कवोल गरेको रकम रु मु.अ.कर वाहेक |
|---|---|---|---|---|
| १ | MMH/NCB/G/04/2081-82 | Procurement of Chemicals | Unish Surgical & Diagnostic Suppliers | १२४६८००.०० |

**मेडिकल सुपरिटेन्डेन्ट**